# सुरक्षा, सुधार र शाही सेनाको व्यावसायीकरण

**भास्कर गौतम**




**पुस्तकः** द रोयल नेपाल आर्मीः मिटिङ द माओइस्ट च्यालेन्ज
**लेखकः** अशोक के. मेहता
**प्रकाशनः** रुपा एन्ड क.
**पृष्ठः** xviii + ११०
**प्रकाशन मितिः** सन् २००५
**मूल्यः** भा.रु. २९५
**ISBN:** 81-291-0817-8

सन् २००५ को उत्तरार्द्धमा लामै समयदेखि नेपाललाई नियालिरहेका भारतीय सेनाका पूर्व जनरल अशोक के. मेहताको पुस्तक निस्कियो । *द रोयल नेपाल आर्मीः मिटिङ द माओइस्ट च्यालेन्ज* शीर्षकको उक्त पुस्तक मेहताबाट निस्कनुले धेरै अर्थ राख्छ । सैनिक जीवनपछिको उनको काम सुरक्षासम्बन्धी अनुसन्धान र राजनीतिक विश्लेषणमा नै लगानी भएको छ । शाही नेपाली सेनासँग औपचारिक/अनौपचारिक सम्बन्धको लामै अनुभव उनले सँगालेका छन् । सैनिकबाहेक नेपालको अन्य राजनीतिक गतिविधिबारे जानकारी मात्र राख्दैनन् त्यसबारे निरन्तर लेख्दै र बोल्दै पनि आएका छन् । सैनिक पृष्ठभूमि, शाही सेनासँगको सम्बन्ध र नेपालबारे अनुसन्धान गरिरहेका व्यक्तिबाट नेपालको सुरक्षा व्यवस्था व्यावसायिक र नागरिकमुखी हुनुपर्छ भनेर पुस्तक लेखिनु सकारात्मक पक्ष हो ।

पुस्तक निकै सानो छ, ११० पृष्ठको मात्र । भूमिका, पुछार आदि खण्डलाई बिर्सने हो भने केवल दुई खण्डमा विभाजित छ पुस्तक । शाही सेनाको सैन्य शक्तिको चर्चा गर्न माओवादीसम्बन्धी पहिलो खण्ड लेखिएको छ । त्यसपछि शाही सेनाबारे अलि लामो खण्ड पुस्तकको प्रमुख हिस्सा हो । पुस्तक सूचनामुलक र सरल पनि छ । मेहताले अनपेक्षित विषयवस्तु खासै लेखेका छैनन् । तथापि शाही सेनाबारे लगभग केही नलेखिएको र माओवादीबारे धेरै लेखिएको अवस्थामा दुवै पक्षको सैन्य क्षमता केलाउने प्रारम्भिक प्रयास गरिएको छ ।

*रूपान्तरण: समाज अध्ययन* २: १५३-१५७ कात्तिक २०६२

मेहताको पुस्तक निस्कनु पूर्व माओवादीसम्बन्धी धेरै सामग्री प्रकाशित थिए । अप्रकाशित प्रतिवेदनहरूको थाती पनि डङ्गुर छ । त्यसैले उनले माओवादीबारे लेखेका धेरै कुरा नयाँ छैनन् । अझ माओवादीको उद्गमन, विकासक्रम र राजनीतिक पाटोमा निकै कमजोर र फितलो छ पुस्तक । पुस्तक पढ्दै जाँदा यी पक्षबाट नेपालको राजनीतिक विश्लेषण गर्ने सीमित क्षमता लेखकसँग भएको बुझिन्छ । आफ्नो राजनीतिक सीमा बुझेर वा अन्य कुनै कारण माओवादीका धेरै राजनीतिक पक्षबारे मेहता मौन छन् । उनको ध्येय विद्रोहीको सैन्य क्षमता र रणनीति आँकलन गर्नमा केन्द्रित छ । त्यसैले विद्रोही जन्मनुको पृष्ठभूमि र राजनीतिक प्रवृत्तिलगायत अन्य पक्षको चर्चा पनि माओवादीको सैन्य बल र लडाकु रणनीतिलाई केन्द्रमा राखेर गरिएको छ । विद्रोहीको साङ्गठनिक पाटाका अन्य धेरै पक्षको राजनीतिक विश्लेषण यस पुस्तकको चरित्र नभएकाले यी आयामहरू सङ्क्षिप्त र गौण छन् । कुनै कुनै बेला त केवल पुस्तकका पानाहरू भर्नलाई मात्र माओवादीको खण्ड राखेको भान हुन्छ ।

मेहताका अनुसार विद्रोहीको सैन्य रणनीति तीन तहको छः सरकारको वैधानिकता घटाउनु, सुरक्षा निकायको चहलपहललाई सीमित तुल्याउनु र मनोवैज्ञानिक युद्धमार्फत आफ्नो नैतिक शक्ति उच्च कायम राख्नु । सँगै शारीरिक तन्दुरुस्ती र चुस्तता, तीव्र गतिमा गरिने आक्रमण र क्षणभरमै अलप हुने कौशलता, अनि घाइते र मृतक साथीलाई ख्याल गर्ने एवं बोकेर लाने सीपलाई विद्रोहीले उच्च प्राथमिकता दिएको ठहर मेहताको छ । 'सैनिक बलसँगै सैन्य सामग्री र आर्थिक स्रोत बेगर युद्ध जित्न नसकिने' तथ्य विद्रोहीलाई राम्रैसँग थाहा छ । लेखकले शाही सेनाबाट लुटिने सामग्रीलाई नै माओवादीको प्रमुख सैन्य स्रोत मानेका छन् । यस अलावा प्रारम्भिक चरणमा लुटिएका बैंक, गरगहना, र भारतका आप्रवासी नेपाली समुदायबाट सङ्कलित सम्पत्ति नै माओवादीको प्रमुख आर्थिक स्रोत रहेको मेहताको ठहर छ ।

पुस्तकमा माओवादी पक्षको सैन्य कौशलता र रणनीति प्रारम्भमा उल्लेख गर्नु नै यो चुनौतीको सामना गर्न शाही सेना सक्षम छ कि छैन भनेर विश्लेषण गर्ने आधार तयार गर्नु हो । तर शाही सेनाको खण्डमा पनि मेहताले त्यस्तो अनपेक्षित विषयवस्तु केही ल्याएका छैनन् । मूलतः उनले सेना व्यावसायिक नभएको, नेपाली समाज र नागरिकप्रति उत्तरदायी नरहेको, सेनाको सैन्य क्षमता र नैतिक मनोवल कमजोर रहेको तथा संस्थागत भ्रष्टाचार व्याप्त रहेको तथ्यलाई सहज र खुलस्त पारामा लेखेका छन् । अनि सेना राजाको निजी सुरक्षा शक्ति भएको र नेपाली समाजमा सेनाले नयाँ छविसहित प्रस्तुत हुने हो भने सर्वप्रथम आफ्नो नाम अगाडि रहेको 'शाही' शब्द हटाउनु पर्ने कुरामा मेहताको जोड छ । हुनलाई कुनै संस्थाको नाम परिवर्तन गर्दैमा त्यसको चरित्र र प्रवृत्ति सुध्रिने होइन, तथापि शाही नेपाली सेना राष्ट्रिय सेना हुनुपर्छ र संसदको मातहतमा रहनुपर्छ भन्नेहरूले पनि यी पक्षलाई पन्छाएर घच्चीसँग सुरक्षाबारे बहस गर्ने सम्भावना देखिन्न । त्यसैले सुरक्षा व्यवस्थाको बहस र अध्ययन गर्नेहरूलाई सुधारको सन्दर्भ र खाका दिँदै पुनः सार्वजनिक वृत्तमा सुरक्षाको विषयलाई ल्याउन पुस्तकले सघाएको छ । यो गर्न मेहता राम्रैसँग सफल भएका छन् ।

सेनाको कमजोर मनोबल, भ्रष्टाचार र गैरव्यावसायिक चरित्रको चर्चा गर्न मेहताले निकै प्रमाणहरू पेश गरेका छन् । मूलतः हतियारको खरिदबिक्री, गैरभारतीय हतियारप्रतिको आकर्षण, साथै बाहिरबाट ठूलो कमिसनमा जुत्ता, कम्बेट र सैन्य लत्ताकपडा आयात गर्ने उद्देश्यले आन्तरिक कारखानाहरू बन्द गर्न सेनाले खेलेको भूमिका पुस्तकमा उल्लेख छ । भ्रष्टाचारका कारोबारहरूमा पैसा मात्र नभएर यौन व्यापारको समेत खेल हुने एवं भ्रष्टाचार मूतलः उच्च तहमा धेरै हुने सन्दर्भलाई मेहताले कोटयाएका छन् । शाही सेनाले पाउने सानो तलब र भत्तालाई पनि उनले यसको कारक मानेका छन् । यही कारण राष्ट्रसङ्घीय शान्ति सेनामा शाही सेनाको आकर्षण रहेको ठहर मेहताको छ । केवल पैसाको कारण शाही सेनामा भर्ना भए लगत्तै शान्ति सेनामा जाने आकाङ्क्षा धेरैमा तीव्र हुने उनी बताउँछन् । अनि सिपाहीहरूले कमाएको निश्चित रकम शाही सेनाको कोषमा जाने भएकोले शान्ति सेना साधारण सिपाहीको लागि मात्र नभएर संस्थागत हिसाबले रकम सञ्चित गर्ने आकर्षक थलो बनेको छ । यी कारणहरूले गर्दा सेनाको मनोबल कमजोर रहेको, आन्तरिक रूपमा लड्न सेनामा उत्साह नरहेको एवं नैतिक रूपले समेत संस्था पतनोन्मुख रहेको ठहर मेहताको छ ।

मेहता भन्छन्, शाही सेना गैरव्यावसायिक चरित्रको, कमजोर मनोबलको र भ्रष्ट मात्र छैन नेपाली समाजमा यो गैरलोकतान्त्रिक स्वार्थको लागि सहजै परिचालित हुने गर्छ । राजाले सेनालाई आफ्नो निजी सुरक्षा र गैरलोकतान्त्रिक स्वार्थका लागि पटकपटक परिचालित गर्दै आएको उनले उल्लेख गरेका छन् । अर्थात् शाही सेना नेपाली नागरिकको सुरक्षाका लागि नभएर राजाको निजी सुरक्षाको लागि स्थापित भएको संस्था हो भन्ने आफ्नो छविलाई कायम राख्न चाहन्छ । यही कारण नेपाली समाजको लोकतन्त्रीकरणको क्रममा राजसंस्था विरुद्ध उठेका नागरिकका आवाजहरूलाई पनि आफै माथिको आक्रमणको रूपमा सेनाले लिने गर्छ । मेहताले यस पक्षतर्फ पनि राम्रै सङ्केत गरेका छन् ।

नेपाली समाजमा सुरक्षा व्यवस्थाको आमूल परिवर्तन हुनुपर्छ भनेर गैरसरकारी संस्था (गैसस), दातृ निकाय, माओवादी र अन्य लोकतान्त्रिक पक्षधरहरूले भन्न थालेको केही वर्ष भइसक्यो । दातृ निकाय र गैसस मिलेर सुरक्षासम्बन्धी केही अध्ययन अनुसन्धान पनि गरेका छन् । माओवादीले शाही सेनालाई राष्ट्रिय सेना बनाउनु पर्ने प्रस्ताव अगाडि सार्दै आएको छ । अनि लोकतन्त्र पक्षधर शक्तिहरूले सेनालाई संसदको मातहतमा ल्याउनु पर्छ भनिरहेका छन् । नेपाली समाज र नागरिकको हितलाई सर्वोपरि सम्झेर सुरक्षा व्यवस्थाको सुधारमाथि बहस आरम्भ भएको सन्दर्भमा मेहताको पुस्तकले शाही सेनाका केही आधारभूत र पन्छाउनै नसकिने पक्षलाई अगाडि ल्याएको छ ।

उनी भन्छन्, शाही सेनाको मनोबल र क्षमता मात्र न्यून तहको हैन, सेनासँग ठोस रणनीति र संस्थालाई व्यावसायिक बनाउने कुनै सोचाइ नै छैन । सेनालाई केवल दरबारको सुरक्षा र अत्याधुनिक हतियार कसरी भित्र्याउने भन्ने ध्येय छ । नेपाली समाजको व्यापक हितको लागि सुरक्षालाई कसरी परिभाषित गर्ने वा सैन्य शक्तिलाई परिचालित गर्ने भन्नेबारे सेनामा कुनै जाँगर देखिँदैन । यदि मेहताले औंल्याएका पक्ष कठोर वास्तविकता हुन् भने लामो समयदेखि भारत, अमेरिका र बेलायतले शाही सेनालाई व्यावसायिक

र नागरिक उन्मुख बनाउन सार्थक लगानी गरेका रहेनछन् भनेर सहजै बुझ्न सकिन्छ। अर्थात् शाही सेनालाई गैरजिम्मेवार, गैरव्यावसायिक र अलोकतान्त्रिक बनाउन मूलतः यी तीन देशले गरेको योगदानको विभिन्न आयामबारे सुरक्षासम्बन्धी अध्ययन र बहस गरिरहेका सबै पक्षले विचार गर्नु आवश्यक छ। तर शाही सेनालाई सहयोग गरिरहेका देशहरू र सुरक्षा व्यवस्थामाथि प्रश्न उठाइरहेका दातृ समुदायबारे मेहता लगभग मौन छन्।

सैनिक जवान र नागरिकको हितको पक्षमा सुरक्षा व्यवस्थालाई साँच्चिकै रूपान्तरण गर्ने हो भने यसका धेरै आयामहरूलाई मसिनैसँग कोटयाउनु पर्छ। नेपालमा सुरक्षा व्यवस्थामा सुधारको बहस भर्खर सुरु भएको छ। जुन २००५ मा *शान्तिका लागि सहकार्य*द्वारा ध्रुब कुमार र हरि शर्माले अध्ययन गरेको *सेक्युरिटि सेक्टर रिफर्म* पुस्तक सार्वजनिक गरियो। कुमार र शर्माको अध्ययन नेपालमा सुरक्षा अनुसन्धानको एउटा थालनी अवश्य हो तर यो विश्लेषण त्यति खँदिलो छैन। नेपालमा सुरक्षा क्षेत्रको सुधार बुझ्न विकास तथा राजनीतिको सैद्धान्तिक र अवधारणात्मक ज्ञान आवश्यक छ भन्ने कुरालाई छरपष्ट रूपमा औँल्याउने क्रममा *सेक्युरिटि सेक्टर रिफर्म*को ठोस सार हराएको छ। अनि सैन्य वा मानवीय सुरक्षाका भित्री र गहकिलो सूचना नहुँदा पुस्तकको विषयवस्तु बाहिरी कुराहरूमा रुमलिएको छ। पुस्तक पढ्दै जाँदा थाहा हुन्छ दाताहरू वा अध्येताहरूसँग नेपाली सुरक्षा निकायबारे ठोस र भरपर्दा सूचनाका स्रोतहरू छैनन्। त्यसैले सेनामा रहेको कमजोर मनोवल र अदूरदर्शी रणनीतिको उल्लेख भए पनि कुमार र शर्माले सहज र प्रष्ट भाषा अनि आधिकारिक रूपमा केही भनेका छैनन्। यही सूचनाको अभावमा सुरक्षा क्षेत्रमा आमूल सुधारको बहसलाई ठोस खाका कुमार र शर्माको अध्ययनले दिएको छैन। साथै अप्रकाशित प्रतिवेदनहरूको चाङ दाताहरूसँग भएको सुन्नमा आए पनि उनीहरूले नागरिकको सर्वोपरी हितलाई केन्द्रमा राखेर हालसम्म सुरक्षासम्बन्धी ठोस लिखतहरू प्रकाशित गरेको सुन्न वा देख्नमा आएको छैन। त्यसैले शाही सेना जस्तै नेपालका दातृ निकायहरूसँग पनि नेपाली समाजको लोकतन्त्रीकरणसँग सरोकार राख्ने मानवीय र सैन्य सुरक्षाका एजेण्डा, दूरदर्शी सोच र प्रतिवद्धता नभएको प्रष्टै छ। कुमार र शर्माको अध्ययन यसैको सशक्त उदाहरण हो। अब नेपाली समाजमा सुरक्षाको बहस गर्दा गैरव्यावसायिक र अलोकतान्त्रिक सेनामा दाताहरूले गरिरहेको लगानीलाई पन्छाउनुले बहसको महत्त्वपूर्ण पाटोलाई ओझेलमा राख्ने निश्चित छ।

अर्कोतर्फ समकालीन नेपाली समाजमा मानवअधिकारकर्मीहरूको स्वर ठूलो छ। विद्रोही र शाही सेना दुवैतर्फबाट मानवअधिकारका आधारभूत कुराहरू सङ्कटमा परेकाले यी स्वरहरू छाएको प्रस्टै बुझिन्छ। सेनाले आधारभूत मानवीय कानूनलाई तिरस्कार गरेकै कारण शाही सेनामा मानवअधिकारका विषयमा तालिम हुने गरेका छन्। यसैको परिणाम मानवअधिकार उल्लङ्घनको नाममा समयसमयमा केही कारबाही पनि सेनाले गरेको पाइन्छ। यसमा बाह्य दबाबले पनि काम गरेको छ। तथापि शाही सेनाको रणनीति, उनीहरूको कारबाहीको शैली र सेनाले प्रयोग गर्ने सैन्य सामग्रीहरूलाई लिएर मिहिन रूपमा मानवअधिकारको कुरा उठेको पाइँदैन। दोरम्बा हत्याकाण्ड र नगरकोट जनसंहार सेनामा रहेको अनुशासनहीन संस्कार र दण्डहीनताका सशक्त र ज्वलन्त उदाहरण हुन्।

मेहता लेख्छन्, सेनाको नैतिकता न्यून भएकै कारण क्याप्टेन र सहायक सेनानी पदमा मात्र चार हजार दरबन्दी अपुग छ । यो नै मूलतः त्यस्तो महत्त्वपूर्ण तह हो जसले कार्यान्वयनको क्रममा सेनालाई तुलनात्मक रूपमा व्यावसायिक, चुस्त र संयम राख्छ । त्यसैले सेनाको व्यावसायिकताको चर्चा गर्दा यो तह रिक्त हुनु भनेको सेनाको नैतिक मूल्य स्खलन हुँदै जानु हो । समाजमा यो पेशा उति आकर्षक पनि नरहनु हो । परिणाम नगरकोट जस्तो दण्डहीनताको प्रवृत्तिले प्रश्रय पाउनु स्वभाविक हो ।

मेहताका अनुसार हालसम्मको दोहोरो भिडन्तमा विद्रोहीको करिब ७० प्रतिशत क्षति हवाई आक्रमणले गरेको हो । हवाई आक्रमणको प्रतिरोध गर्ने साधन र क्षमता विद्रोहीसँग नभएकाले नै शाही सेनाले हेलिकोप्टरबाट जथाभावी मोर्टर बम र अन्य घातक पदार्थ खसाल्ने (जुन कार्य र सीपलाई *तोरा बोरा* भनिन्छ) कौशलतामा आफूलाई पोख्त बनाइरहेको पुस्तकमा उल्लेख छ । यदि यो सही हो भने मानवअधिकारकर्मीहरूले सुरक्षा सुधारसम्बन्धी आफ्नो पैरवीलाई निकै चुस्त र सूचनामा आधारित बनाउनु पर्ने देखिन्छ । एकातिर शाही सेनाका यस्ता कारबाहीले निहत्था सर्वसाधारणको नृशंस हत्याको खतरा ठूलै रहन्छ भने अर्कोतर्फ भियतनाम र कम्बोडियामा सेनाले गरे जस्तो गल्ती नेपालमा पनि हुने देखिन्छ । यसरी हवाई आक्रमण गरी विद्रोही र स्थानीय नागरिक मार्दा सेनाले आफूलाई सूचना दिने स्रोत व्यक्तिहरू पनि निमिटयान्न पारेको उदाहरण भियतनाम र कम्बोडियामा प्रशस्तै पाइन्छ । शाही सेना त्यही गल्ती दोहोऱ्याउने अभियानमा जुटिरहेको छ ।

यस्ता विभिन्न पक्षबाट नेपाली सुरक्षा व्यवस्थालाई केलाउने प्रयास मेहताको पुस्तकमा कम पाइन्छ । साथै शाही सेनाले नेपाली समाजमा गरेका धेरै गल्ती र कमजोरीको विस्तृत आलेख दिनपट्टि पनि मेहता लागेका छैनन् । मानवअधिकार, दातृ निकाय र शाही सेनासँग काम गरिरहेका भारत, अमेरिका र बेलायतको गहिरो सम्बन्धबारे पनि पुस्तकमा विश्लेषण छैन । शाही सेना किन नागरिकको हित विपरीत मात्र परिचालन भइरहन्छ भन्ने राजनीतिक विश्लेषणको गहनतातर्फ मेहता पुगेकै छैनन् । अनि नेपालको बदलिँदो राजनीतिक परिस्थिति र द्वन्द्वको प्रमुख समाधान वार्ता नै हो भन्ने कुरामा मेहताले उति जोड दिएका छैनन् । पुस्तकभरि उनको ध्येय शाही सेनालाई कसरी आधुनिक र व्यावसायिक बनाउने भन्ने विषयमा केन्द्रित छ । अर्थात् सेनालाई आधुनिक र व्यावसायिक बनायो भने सेना विद्रोहीसँग लड्न सक्षम हुन्छ । यसरी सैन्य बल र रणनीतिमा मात्र केन्द्रित भएर पुस्तकले नेपालको सशस्त्र र निशस्त्र द्वन्द्वको राजनीतिक निकासको महत्त्वपूर्ण आयामलाई पन्छाएको छ । यी पाटाबारे पुस्तक खुलस्त छैन । तथापि मेहता जस्तो सैन्य पृष्ठभूमि भएको मानिसले शाही सेनाबारे जति लेखे त्यसलाई खुलस्त र सरल तवरमा लेख्नुले धेरै नै अर्थ राखेको छ । विगतमा शाही सेनामा पहुँच तथा प्रभाव भएका मानिसहरूले सार्वजनिक बहस नगरेको कारण सुरक्षा सुधारका कुराहरू नारामा मात्र सीमित रहेको सङ्केत मेहताले गरेका छन् । र, सार्वजनिक चर्चामा आएका कुराहरूलाई प्रमाणको आधारमा तर्कपूर्ण विश्लेषण गर्दा त्यसले बहसलाई खँदिलो बनाउँछ भन्ने तथ्यलाई यस पुस्तकमार्फत पुष्टि गरेका छन् । नेपाली सुरक्षा व्यवस्थाको कुरा गर्दा नागरिकको सर्वोपरि हितलाई केन्द्रमा राखेर सहजै केही भन्न यस पुस्तकले ठोस आधार प्रदान गरेको छ ।